आज मिति २०८३ साल जेष्ठ १ गते शुक्रबारको दिन बिहान १०:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को सोहौं कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| ०१ | भावना पराजुली | सहायक प्राध्यापक, प्रशासन | |

प्रस्तावहरु:

१.समिक्षा सम्बन्धमा ।

२.लालीगुँरास पदमार्ग निर्माण सम्बन्धी छलफल सम्बन्धमा ।

३.कानून तर्जुमा सम्बन्धी परामर्शदातासँग छलफल सम्बन्धमा ।

४.स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी छलफल तथा कार्यदल गठन सम्बन्धमा ।

५.आगामी आ.व. ०८३/०८४ को नीति तथा कार्यक्रम र बजेटको पूर्वतयारी सम्बन्धमा ।

२०८३/०२/०१

प्रविण राई

प्रमुख प्रशासकीय अधिकृत

६.गुराँस हाइड्रोपावर लि. बाट सामाजिक उत्तरदायित्व वापत प्राप्त भएको एम्बुलेन्स तथा चिन सरकारबाट MoU परियोजना अन्तर्गत सहायता प्राप्त एम्बुलेन्स तथा स्वास्थ्य उपकरणहरुको समिक्षा सम्बन्धमा ।

७.सहायता प्राप्त एम्बुलेन्स तथा स्वास्थ्य उपकरणहरुको प्रशासनिक तथा कानूनी प्रक्रियाको लागि नेपाल सरकारको विभिन्न मन्त्रालय तथा प्रदेश सरकारको मन्त्रालयहरु र तातोपानी भन्सार कार्यालयसम्म आवतजावत तथा अन्य सम्पूर्ण प्रक्रियामा लागेको खर्च अनुमोदन सम्बन्धमा ।

८.चालु आ.व. को सम्झौता हुन बाँकी योजना तथा कार्यक्रमहरुको सम्झौता सम्बन्धमा ।

९.आ. व. २०८२।०८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।

१०.आ.व. २०८२।०८३ को कामका लागि पारिश्रमिक (CASH FOR WORK) न्यूनतम १०० दिनको रोजगारमूलक योजना तथा बजेट रकम अनुमोदन गर्ने सम्बन्धमा ।

११. सेवा शुल्क राजश्व परामर्श समिति मार्फत सभामा सिफारिस सम्बन्धमा ।

१२. मेडिकल अफिसर प्रोत्साहन भत्ता सम्बन्धमा।

१३. निशुल्क जग्गा रजिष्ट्रेशन पास सम्बन्धमा।

१४.अन्तर स्थानीय तह सरुवा भई जान सहमति दिने सम्बन्धमा।

१५.बहुउपयोगी तेल पेल्ने मिल स्थापना कार्यक्रमको रकम बाँडफाड सम्बन्धमा ।

<u>निर्णयहरु:</u>

**प्रस्ताव नं. १ः समिक्षा सम्बन्धमा ।**

निर्णयः आर्थिक वर्ष २०८२/८३ को पन्ध्रौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको निर्णय सर्वसहमतिले पारित गरियो।

**प्रस्ताव नं. २ः लालीगुँरास पदमार्ग निर्माण सम्बन्धी छलफल सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नं.२ उपर छलफल गर्दा नेपाल सरकार र स्वीस सरकार बीच भएको द्विपक्षीय सम्झौता अनुसार(स्वीस सरकार,संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारको सझेदारीमा निर्माण हुने) कोशी प्रदेशमा संचालित पदमार्गमा आधारित पर्यटन विकास परियोजना अन्तर्गत सिलीचोङ गाउँपालिकाको क्षेत्र भित्र पर्ने लालीगुराँस पदमार्ग निर्माणका लागि आगामी आ.व. देखि बजेट सुनिश्चित गरी सरोकारवाला सबैसँग समन्वय गरी पदमार्गमा आधारित पर्यटन विकास परियोजना ( TTDP ) कार्यान्वयन मापदण्ड बमोजिम पदमार्ग निर्माण प्रक्रिया अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ३ः कानून तर्जुमा सम्बन्धी परामर्शदातासँग छलफल सम्बन्धमा ।**

CS CamScanner

निर्णयः प्रस्ताव नं.३ उपर छलफल गर्दा कार्यपालिका सदस्य, कानून तर्जुमा समितिका सदस्य,विधेयक समितिका सदस्य ,परामर्शदाता तथा कर्मचारीहरुको सहभागितामा यहिँ मिति २०८३/०१/२ र ३ गते विधेयकको मस्यौदा तथा सैद्धान्तिक अवधारणा लगायत कानून निर्माण सम्बन्धी समग्र विषयवस्तु उपर छलफल गरियो ।

**प्रस्ताव नं.४ स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी छलफल तथा कार्यदल गठन सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिकाले विनियोजन गरेको विनियोजित बजेटअनुसार स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि तपशिल बमोजिमको सल्लाहाकार समिति, अनुगमन तथा मुल्याङ्कन समिति तथा निर्माण कार्यदल गठन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो

तपशिलः

घ. सल्लाहाकार समितिः

१०. संयोजक/अध्यक्ष– श्री भूपाल राज मेवाहाङ

११. सदस्य-श्री देविता कुलुङ

१२. सदस्य- श्री राम बहादुर कुलुङ

१३. सदस्य- श्री गणेश कुलुङ

१४. सदस्य- श्री मोहन शमशेर कुलुङ

१५. सदस्य- श्री प्रताप सिंह तामाङ

१६. सदस्य-श्री देबेन्द्र राई

१७. सदस्य-श्री ईश्वर राई

१८. सदस्य सचिव- श्री प्रविण राई

ङ. पाठ्यक्रम निर्माण योजना अनुगमन/मुल्याङ्कन समितिः

६. अध्यक्ष- गाउँपालिका अध्यक्ष

७. सदस्य- गाउँपालिका उपाध्यक्ष

८. सदस्य- सम्बन्धीत विषय विज्ञ एक जना

९. सदस्य- सामाजिक विकास समितिका संयोजक

१०. सदस्य सचिव- प्रमुख प्रशासकिय अधिकृत

च. स्थानीय पाठ्यक्रम निर्माण कार्यदलः

११. संयोजक/अध्यक्ष- श्री रमेश कार्की

१२. सदस्य –श्री कविराज राई ( विद्यालय व्यवस्थापन समितिका अध्यक्ष)

१३. सदस्य- श्री राजु विष्ट

२०८३/०१/०१

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

१४. सदस्य – श्री गणेश राई ( प्रधानाध्यापक)

१५. सदस्य – श्री कर्ण बहादुर राई (प्रधानाध्यापक)

१६. सदस्य – श्री अस्मिता राई (शिक्षक)

१७. सदस्य सचिव – श्री बुद्धि कुलुङ

**प्रस्ताव नं.५ आगामी आ.व.०८३/०८४ को नीति तथा कार्यक्रम र बजेटको पूर्वतयारी सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नं.५ उपर छलफल गर्दा गर्दा सिलीचोङ गाउँपालिकाको आ.व.२०८३/८४ नीति तथा कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा नेपालको संविधानले तय गरेका समयसिमाभित्र पेश गर्न सम्पूर्ण समितिका पदाधिकारीहरु लाग्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं.६ गुरुँस हाइड्रोपावर लि. बाट सामाजिक उत्तरदायित्व वापत प्राप्त भएको एम्बुलेन्स तथा चिन सरकारबाट MoU परियोजना अन्तर्गत सहायता प्राप्त एम्बुलेन्स तथा स्वास्थ्य उपकरणहरुको समिक्षा सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नं. ६ उपर छलफल गर्दा गुरुँस हाइड्रोपावर लि. बाट सामाजिक उत्तरदायित्व वापत प्राप्त भएको एम्बुलेन्स तथा जनवादी चीनको तिब्बत स्वशासित क्षेत्र सरकारले सन् २०२३ नोभेम्वरमा सम्पन्न भएको MOU बमोजिम नेपालको हिमाली जिल्लाहरुमा स्थानीय जीवनस्तर सुधारका लागि तिब्बतको डिङ्जी काउन्टीको रिकाजे शहरले एम्बुलेन्स र अन्य स्वास्थ्य सम्बन्धी उपकरणहरु प्रदान गरेको सहायता मध्य स्वास्थ्य उपकरणहरु प्राप्त भैसकेको सन्दर्भमा प्रदान गर्ने गुरुँस हाइड्रोपावर लि. र तिब्बतको डिङ्जी काउन्टीको रिकाजे शहरलाई धन्यवाद व्यक्त गर्ने धन्यवाद प्रस्ताव पारित गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं.७ सहायता प्राप्त एम्बुलेन्स तथा स्वास्थ्य उपकरणहरुको प्रशासनिक तथा कानूनी प्रक्रियाको लागि नेपाल सरकारको विभिन्न मन्त्रालय तथा प्रदेश सरकारको मन्त्रालयहरु र तातोपानी भन्सार कार्यालयसम्म आवतजावत तथा अन्य सम्पूर्ण प्रक्रियामा लागेको खर्च भुक्तानी/अनुमोदन सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नं.७ उपर छलफल गर्दा सहायता प्राप्त एम्बुलेन्स तथा स्वास्थ्य उपकरणहरुको प्रशासनिक तथा कानूनी प्रक्रियाको लागि नेपाल सरकारको विभिन्न मन्त्रालय तथा प्रदेश सरकारको मन्त्रालयहरु र तातोपानी भन्सार कार्यालयसम्म आवतजावत तथा अन्य सम्पूर्ण प्रक्रियामा लागेको खर्च भुक्तानी अन्य भाडा शिर्षकबाट रु. १८६०००/- र विविध खर्च शिर्षकबाट रु. २१२२३२.७२/- पे.फ. गरी भुक्तानी दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं.८ चालु आ.व. को सम्झौता हुन बाँकी योजना तथा कार्यक्रमहरुको सम्झौता सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस आर्थिक वर्षमा सम्झौता हुन बाकी योजनाहरु २०८३/०२/१३ मिति भित्र योजना सम्झौता गरिसक्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं.९ आ. व. २०८२।०८३ मा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. माथी छलफल गर्दा आ. व. २०८२।०८३ को राष्ट्रिय रोजगार कार्यक्रम सञ्चालन गर्न आ. व. २०८२। ०८३ को वार्षिक बजेट सशर्त अनुदानमा विनियोजित रकम मध्ये गाउँपालिका बाट पनि शतसिशत साझेदारी गरी सञ्चालन गर्नु पर्ने भएतापनि यस गाउँपलिकाको आन्तरिक स्रोतहरु अति न्यून भएैको हुँदा सङ्घीय सरकार र प्रदेश सरकार बाट प्रप्त अनुदाले मात्र सिंगो गाउँपालिका सञ्चालन गर्नु पर्ने बाध्यता भएकोले गर्दा यसै आ. व. २०८२।०८३ मा शतसिशत रकम साझेदारं गर्न बाध्यत्मक परिस्थितिले नसकिएको हुँदा सङ्घीय सशर्त अनुदान रकम मध्ये बाट मात्र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भनी सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं. १० आ.व. २०८२।०८३ को कामका लागि पारिश्रमिक (CASH FOR WORK) न्यूनतम १०० दिनको रोजगारमूलक योजना तथा बजेट रकम अनुमोदन गर्ने सम्बन्धमा ।**

निर्णयहरु प्रस्ताब नं. १० माथी छलफल गर्दा आ.व. २०८२।०८३ को राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिक (CASH FOR WORK) न्यूनतम १०० दिने रोजगारमूलक योजनाहारु तपशिल अनुसारको योजना शिर्षक र शिर्षक बमोजिमको बजेट रकम अनुमोदन गर्ने भनी सर्वसम्मत निर्णय पारित गरियो।

तपशिलः

| क्र.सं. | योजनाको नाम | अनुमोदित बजेट | कैफियत |
|---|---|---|---|
| १ | श्री सिलीङ गाउँपालिका वाड नं. २ गोरेटो बाटो तथा सडक सोलिङ निर्माण योजना । | रु. ५,२७,८००।- | |
| २ | श्री वातेम्मा देखि बोक्खोङवा दोबाटो गोरेटो बाटो मर्मत योजना । | रु. ३,७७,०००।- | |
| ३ | श्री माङ्तेवा गोरेटो बाटो निर्माण तथा मर्मत सम्भार योजना । | रु. ३,७७,०००।- | |
| ४ | श्री खावेवा,सिभा स्कुल उकालो, लाकुवा खेम्पालुङ,साम्तेल वादिरी टोल तथा खाँनीगाउँ पुछार घरछेउ गोरेटो बाटो निर्माण तथा सम्भार योजना । | रु. ५,२७,८०० ।- | |

| | | | |
|---|---|---|---|
| ५ | श्री काभ्रदो गोरेटो बाटो तथा सडक सोलिङ निर्माण योजना । | रु. ६,०३,२०० ।- | |
| जम्मा | | रु. २४,१२,८०० ।- | |

**प्रस्ताव नं. ११ सेवा शुल्क राजश्व परामर्श समिति मार्फत सभामा सिफारिस सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. ताम्कु प्राथमिक स्वास्त्य केन्द्रको च.नं. ९९ मिति २०८३/०१/३० गतेको पत्र बमोजिम ताम्कु प्राथमिक स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समितिको निर्णय सहित पेश गरेको तपशिल बमोजिमका सेवा शुल्क आगामि आर्थिक वर्षको आर्थिक ऐन मार्फत जारी गर्न आगामी राजश्व परामर्श समिति मार्फत सभामा पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिल:

| क्र सं | सेवा/ प्रोसुजर | दर | कैफियत |
|---|---|---|---|
| 1 | OPD ticket | 0/0 | Free |
| 2 | Emergency Ticket | 100/ | |
| 3 | Emergency Bed charge/day | 100/- | |
| 4 | USG (Abdomen and pelvis ) | 600/- | |
| 5 | Medical fitness | 250/- | |
| 6 | X-Ray | 600/- | chest and limbs |
| 7 | ECG | 250/- | |
| 8 | Suture per stitch | 25/- | except required equipment. |
| 9 | Dressing प्रत्यक पटक | 50/- | except require equipment. |
| 10 | Nebulization प्रत्येक पटक | 50/- | except required equipment . |
| 11 | Oxygen/hr | 100/- | |
| 12 | Plaster/slab | 500/- | except required equipment |
| 13 | Plaster removal | 100/- | |
| 14 | Poisoning case management | 1000/- | except require equipment |
| 15 | Tooth extraction | 200/- | |
| 16 | Intra articular injection per session | 250/- | |
| | Procedure(cyst/Lipoma)/I&D/Corn/Callus/ as per evaluation by Doctor<br>- Minor A<br>- Minor B<br>- Minor C<br>- Major | <br><br>300/-<br>500/-<br>1000/-<br>2000/- | except require equipment |

२०८३/०२/०९

**प्रस्ताव नं. ११ अत्यावश्यक ल्याप्टप तथा दराज खरिद गर्ने बजेट सुनिश्चितता सम्बन्धमा।**

निर्णयः प्रस्ताव नं. ११ उपर छलफल ग्रर्दा तोम्कु प्राथमिक स्वास्थ्य केन्द्रको च.न. ९३ मिति २०८३/०१/२९ को पत्र मार्फत ल्यापटत तथा दराज सहित विभिन्न सामग्रीहरुको माग भई आएकोमा मेडिकल अफिसर नियुक्त भई अत्यावश्यक भएको हुँदा उक्त सामग्री खरिद गर्नका लागि आयोजना व्यवस्थापन शिर्षकबाट रु.१,२०,०००/- बजेट सुनिश्चित गरी प्रचलित ऐन/ नियम बमोजिम खरिद गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. १२ मेडिकल अफिसर प्रोत्साहन भत्ता सम्बन्धमा।**

निर्णयःप्रस्ताव नं. ११ उपर छलफल गर्दा श्री ताम्कु प्राथामिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अफिसर कार्यालयको समयको अतिरिक्त २४ सैं घण्टा आकस्मिक सेवा लगायत अन्य सेवा प्रदान गर्नुपर्ने भएकोले यस गाउँपालिकाले जारी गरेको कर्मचारी प्रोत्साहन सम्बन्धी पहिलो संशोधन सम्बन्धी कार्यविधि,२०८२ बमोजिम थप ४० प्रतिशत प्रोत्साहन उपलब्ध गराउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. १३ निशुल्क जग्गा रजिष्ट्रेशन पास सम्बन्धमा।**

निर्णयःप्रस्ताव नं. १३ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ३ साविक ताम्कु-७ स्थायी ठेगाना भएका श्री पूर्ण बहादुर राई को सिलीचोङ गाउँपकालिका वडा नम्बर ४ मा रेहेको कित्ता नम्बर ८२८ को जग्गा वडा कार्यालयको खेलमैदान तथा वडा भवन निर्माण गरी कार्यालय प्रयोजनको लागि रजिष्ट्रेशन पास गरिदिने भनी निवेदन पेश गरेको सम्बन्धमा उक्त जग्गालाई नियमानुसार रजिष्ट्रेशन पास गर्नका लागि श्री मालपोत कार्यालय खादबारी ( भूमि प्रशासन कार्यालय) तथा श्री नापी कार्यालय, खादबारी लाई अनुरोध गर्ने तथा उक्त रजिष्ट्रेशन पासका लागि ४ नम्बर वडाका वडा अध्यक्ष श्री देवेन्द्र राई तथा योजना शाखा प्रमुख प्रविन कुलुङ लाई पठाउने र रजिष्ट्रेशन पास बापतको सम्पूर्ण खर्च विविध खर्च शिर्षकबाट व्यहोर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. १४ अन्तर स्थानीय तह सरुवा भई जान सहमति दिने सम्बन्धमा।**

निर्णयःप्रस्ताव नं. १४ उपर छलफल गर्दा यस गाउँपालिकामा सेवा/समुह स्थानिय कृषि,बाली संरक्षण ना.प्रा.स सहायकस्तर चौथो पदमा कार्यरत श्री शोभा कुमारी मगरले लिखु गाउपालिका ओखलढुंगाको सहमति पत्र सहित सरुवा सहमति माग गरेको सम्बन्धमा निजलाई निवेदन माग बमोजिमको स्थानमा सरुवा भई जान सहमति दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**१५.बहुउपयोगी तेल पेल्ने मिल स्थापना कार्यक्रमको रकम बाँडफाड सम्बन्धमा ।**

निर्णयःप्रस्ताव नं. १५ उपर छलफल गर्दा गाउँसभाको १८ औं गाउँ अधिवेशनबाट संशोधित स्वीकृत वार्षिक कार्यक्रमको शीर्षक नं. ९ मा रहेको बहु उपयोगी तेल पेल्ने मिल स्थापना कार्यक्रम शीर्षकमा

२०८३/०२/०१

विनियोजित रु.९,६०००० /- बाट उक्त मिल स्थापनाका लागि तपशिल बमोजिमले बाडँफाड गरी कार्यान्वयन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिलः

१. तेल पेल्ने, मिल खरिद तथा ढुवानी र मिल जडान मिस्त्री तथा तालिममा रु रु.५,८५००० /-

२. टहरा भवन निर्माणका लागि रु.३,७५,००० /-

CamScanner